# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## स्वामिकार्तिक खापर गाउँपालिका

बाजुरा





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## स्वामिकार्तिक खापर गाउँपालिका

बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## स्वामिकार्तिक खापर गाउँपालिका

## बाजुरा


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०

च.नं. ५६४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

स्वामिकार्तिक खापर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

बाजुरा ।

**कैफियत सहितको राय**

हामीले स्वामिकार्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ४१ लाख ९२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ५३ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. ७७ लाख ६५ हजार र पेश्की रू. ५ लाख ८५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १५ करोड ९८ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ४० लाख ५० हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७५ | ७९ | ५४१९२ | ० | ० | ० | ७५ | ७९ | ५४१९२ | ४७६ | ७७६५ | ४५३६६ | ० | ० | ५३१३१ | ५८५ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा | १५९८५८ | ० | ० | १५९८५८ | ० | ५४१९२ | २१४०५० |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Amar Bahadur Rokaya | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Khambir Bahadur Budha | २०७९-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५४,१९२,७९२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,१५,७४,८८८.०९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,१२,८४,०२० | **चालु खर्च** | २४,१६,०७,३५८.६२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१३,६५,००० | **पूँजीगत खर्च** | १२,११,६६,४७०.६६ |
| **राजश्व बाँडफाँट** | ५,३२,०७,४७९.११ | **वित्तीय/अन्य व्यवस्था** | ६,५०,५१,२६० |
| **आन्तरिक आय** | ४७,२८,१४४.९१ | | |
| **अन्य आय** | ६,३२,८०,८७६ | | |
| **कुल आय** | ४७,३८,६५,५२०.०२ | **कुल खर्च** | ४२,७८,२५,०८९.२८ |
| **बाँकी मौज्दात** | | ७,७६,१५,३१८.८३ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | परिचय | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ११०.५० वर्ग किलोमिटर क्षेत्रफल तथा १३०१३ जनसंख्या (राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक विवरण अनुसार) रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण<br><br>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको ईकाइगत लेखापरीक्षण योजना बमोजिम पालिकाले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण तथा लेखापरीक्षणको अन्तराष्ट्रिय नीति, मानदण्ड तथा मार्गदर्शनलाई आधार मानी पालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभुत रुपमा उल्लेखित नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर कार्यालयका सम्वन्धित पदाधिकारीहरु सँग छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>आय व्यय तथा वित्तीय विवरणको विश्लेषण</td><td></td></tr>
<tr><td>३.१</td><td></td><td></td><td>एकिकृत आय व्यय विवरण: गाउँपालिकाको आर्थिक बर्ष २०७८।७९ को आय व्यय विवरण देहायबमोजिम छ ।
<table>
<tr><th colspan="3">आयतर्फ</th><th colspan="3">ब्ययतर्फ</th></tr>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>रकम</th><th>सि.नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत बर्षको जिम्मेवारी</td><td>३१५७४८८८.०९</td><td>१</td><td>चालु खर्च</td><td>२४१६०७३५८.६२</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बैंक खाताको | २३९८६३२२.०९ | २ | पुंजिगत खर्च | **१२११६६४७०.६६** |
| | अन्य कोष तथा धरौटी तर्फ | ७५८८५६६. | ३ | अन्य खर्च | **६५०५१२६०.००** |
| २ | राजस्व बाँडफाड वाट प्राप्त | **५७९३५६२४.०२** | | सामाजिक सुरक्षा | ५४६९०९८०.०० |
| | आन्तरिक | ४७२८१४४.९१ | | स्थानीय तह पुर्वाधार | ६००००००.०० |
| | संघीय | ५२७४८२३७.०९ | | प्रकोप व्यवस्थापन कोष | ५९१७३८.०० |
| | प्रदेश | ४५९२४२.०२ | | बिबिध | ३९०७५३.०० |
| ३ | संघीय अनुदान | **३३१२८४०२०.००** | | धरौटी फिर्ता | ३३७७७८९.०० |
| | समानीकरण | ९२९०००००.०० | | अनुदान फिर्ता | ०.०० |
| | सशर्त | २०५१८४०२०.०० | ४ | बैंक मौज्दात | **७७६१५३१८.८३** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | समपुरक | १४५००००००.०० | | बैंक खाता मौज्दात | ७१५५६६४७.८३ |
| | बिशेष | १८७००००००.०० | | धरौटी खाता | ४५५८६१३.०० |
| ४ | प्रदेश अनुदान | **२१३६५०००.००** | | प्रकोप व्यवस्थापन कोष | १०४९८८६.०० |
| | समानीकरण | ६५०४०००.०० | | बिबिध कोष खाता | १२२४२२.०० |
| | समपुरक | ९८६१०००.०० | | बिबिध खर्च खाता | ३२७७५०.०० |
| | बिशेष | ५००००००.०० | | | |
| ५ | अन्य आय | **६३२८०८७६.००** | | | |
| | सामाजिक सुरक्षा | ५४६९०९८०.०० | | | |
| | स्थानीय तह प्रशासकीय भवन | ६००००००.०० | | | |
| | धरौटी | २५८९८९६.०० | | | |
| | कोषतर्फको | ०.०० | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>अन्य</td><td></td><td></td><td></td><td></td></tr><tr><td></td><td>जम्मा</td><td>५०५४४०४०८.११</td><td></td><td>जम्मा</td><td>५०५४४०४०८.११</td></tr></table></td><td></td></tr>
<tr><td>३.२</td><td></td><td></td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• पालिकाले (SuTRA) मा सामाजिक सुरक्षा तथा संरक्षण र संघतर्फको अन्तरसरकारी अख्तियारीको रकम समावेश गरेको छैन ।<br>• पालिकाको बित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) मा बर्षान्तको मौज्दात रु. ७,७६,६८,४१३।१३ देखिएकोमा एकिकृत आय व्यय विवरण अनुसारको बास्तविक मौज्दात रु. ७,७६,१५,३१८।८३ देखिन्छ । फरक रकमको हिसाव मिलान गरेको छैन।<br>• पालिकाले तयार गरेको आय व्ययको विवरण अनुसार बिबिध कोषतर्फ गत बर्षको अल्या रु. ४,७८,४०९।-, यस बर्षको खर्च रु. ३,९०,७५३।- र अन्तिम मौज्दात रु. ३,२७,७५०।- देखिन्छ । तर गत बर्षको अल्या सारेको रकममा यस बर्ष थप आम्दानी नदेखाएको अवस्थामा मौज्दात रु. ८७,६५६। मात्र हुनुपर्नेमा रु. ३,२७,७५०।- भएकोले बिबिध तर्फको आय व्यय यथार्थपरक देखिएन ।<br><br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>गत बर्षको मौज्दात जिम्मेवारी: पालिकाको सञ्चित कोषमा गत विगतको बाँकी, रकम यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखी जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाले गत बर्षको मौज्दात रकम यस बर्ष अल्या गर्दा संचितकोष, धरौटी खाता, कोष खाता र अन्य खातामा रहेको मौज्दात देखिने गरी अल्या गर्नुपर्नेमा खर्च खाता र संचितकोषखाताको गत बर्षको मौज्दात देखिने गरी अल्या</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेतापनी धरौटी र कोषखाता लगायत अन्य खाताको मौज्दालाई अल्यामा नदेखाई यस बर्षको आयमा समावेश गरेको देखियो । पालिकाले गत बर्षको मौज्दात रकम अल्या गर्दा सबै शिर्षकको अल्या रकम देखिने गरी आय व्यय विवरण तयार गर्नुपर्दछ । | |
| ३.४ | | | **बैंक हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खातामा निम्नानुसार रकम फरक देखिएको छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक रकम |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | २३८२५२६.४१ | ७१५५६६४७.८३ | ६९१७४१२१.४२ |
| २ | चालु खाता | २५६८८०२५.३८ | ० | २५६८८०२५.३८ |
| ३ | पूँजीगत खाता | ४२९६१११२.३४ | ० | ४२९६१११२.३४ |
| ४ | धरौटी खाता | ४५५८६१३.०० | ४५५८६१३.०० | ० |
| ५ | आन्तरिक अनुदान खाता | १०८२२०००.०० | ० | १०८२२०००.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>बिबिध खर्च खाता</td><td>१२८७५०.००</td><td>३२७७५०.००</td><td>१९९०००.००</td></tr>
<tr><td>७</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>१०४९८८६.००</td><td>१०४९८८६.००</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८७५९०९१३.१३</td><td>७७४९२८९६.८३</td><td>१००९८०१६.३०</td></tr>
</table>
पालिकाको आन्तरिक अनुदान खातातर्फ श्रेता (सुत्र) अनुसार मौज्दात रु.१,०८,२२,०००।- देखिएकोमा बैंकमा भने उक्त खातामा शुन्य मौज्दात देखिएको छ । यस सम्वन्धमा पालिकाले आन्तरिक अनुदान खातामा प्राप्त हुने सबै रकम संचितकोषमा ट्रान्सफर गरिसकेकोले बैंकमा मौज्दात शुन्य देखिएको उल्लेख गरेता पनि श्रेस्ता र बैंक बिच फरक पर्नुको बास्तबिक कारण पहिचान गरी हिसाव मिलान गरेको देखिएन । पालिकाले फरक परेको मौज्दात रकमको सम्वन्धमा हिसाव मिलान गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणाली<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्यावधिक गरेको पाईएन ।</li>
<li>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टी-डि-एस गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन ।<br>• राजश्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैंङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सि सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सि खाता अध्यावधिक गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आशिंक रुपमा मात्र गरेको पाइयो ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• मालसामान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो ।<br>• कर्मचारीले एक पटक लिएको पेश्की फर्स्यौट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो ।<br>• पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्य तोकिएको समयमा कार्य सम्पन्न नगरेको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<ul>
<li>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।</li>
<li>अधिकांश पेश्की आर्थिक बर्षको अन्त्यमा मात्र फस्यौंट गर्ने गरेको ।</li>
</ul>
तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट, कार्यक्रम तथा योजना</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उपाध्यक्ष श्री मिमा बुढाले मिति २०७८/०३/१० गते रु. ३७ करोड ९२ लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८/३/२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८/३/२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th colspan="2">खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th><th>बजेटको तुलनाममा</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०२९७५७१ | ३६६०९२६१ | १०.०९ | ७२.७९ |
| २ | पूर्वाधार विकास | ९६८७०३३३ | ६६६८४१४० | १८.३८ | ६८.४४ |
| ३ | सामाजिक विकास | १८७५०६२९६ | १६६२७३२७९ | ४५.८३ | ८८.६८ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ५०८८००० | ३४८५०६० | ०.९६ | ६८.५ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १०२९६२४८५ | ८९७२२०८८ | २४.७३ | ८७.१४ |
| **जम्मा** | | **४४२७२४६८५** | **३६२७७३८२९** | **१००** | **८१.९४** |

उपरोक्त विवरण अनुसार सभाले बिनियोजन गरेको बजेट वाट यस बर्ष भएको कुल खर्च मध्ये सबैभन्दा बढी खर्च सामाजिक विकासमा ४५.८३ प्रतिशत र घटीमा सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र ०.९६ प्रतिशत रहेको छ । पालिकाले अन्य क्षेत्र भन्दा पुर्वाधार बिकासको क्षेत्रमा वजेट विनियोजन तथा खर्चलाई बृद्धी गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | **योजना छनौट र कार्यान्वयन**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्म का</th><th>रु ५लाख देखि १० लाखसम्म का</th><th>रु १०-५० लाख सम्म</th><th>५०लाख भन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>११</td><td>३३</td><td>२५</td><td>१७</td><td>४२</td><td>६</td><td>१३४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष ५ हजार देखि १ करोड सम्मका जम्मा १३४ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र ६९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैं भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>
चौमासिक खर्चः पालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th></tr>
<tr><td>चालु खर्चतर्फ</td><td>२४१६०७३५८</td><td>४४२५९७७६</td><td>७९४२६४१८</td><td>११७९२११६३</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>१२११६६४७०</td><td>५५१५२९८</td><td>४८९८१३६०</td><td>६६६६९८११</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>३६२७७३८२९</td><td>४९७७५०७४</td><td>१२८४०७७७८</td><td>१८४५९०९७४</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>१३.७२</td><td>३५.४०</td><td>५०.८८</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ३६ करोड २७ लाख खर्च भएकोमा प्रथम चौमासिकमा रु. ४ करोड ९७ लाख अर्थात १३.७२ प्रतिशत, दोश्रो चौमासिकमा रु. १२ करोड ८४ लाख, अर्थात ३५.४० प्रतिशत र तेश्रो चौमासिकमा रु. १८ करोड ४५ लाख, अर्थात ५०.८८ प्रतिशत खर्च गरेको देखिन्छ । पालिकाले आर्थिक बर्षको अन्तमा मात्र खर्च गर्ने कार्यमा नियन्त्रण गरी स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>खर्च बिश्लेषण: पालिकाको यसबर्ष कुल आन्तिरक आयबाट रु. ४७ लाख ३९ हजार, राजस्व बाँडफाँड, अनुदान र गत बर्षको अल्या समेत रु. ४३ करोड ४४ लाख ४३ हजार आम्दानी भएकोमा चालुतर्फ रु. २४ करोड १६ लाख ७ हजार र पूँजिगत तर्फ रु. ११ करोड ११ लाख ६६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ४६ लाख ७२ हजार खर्च भएको छ जुन आन्तरिक आय र पदाधिकारी सुबिधा बराबर रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६ प्रतिशत चालुमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>अनुत्पादक खर्च: पालिकाले आफ्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पुर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने क्षेत्रमा खर्च गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा मठ मन्दिर निर्माणमा रकम खर्च गरेको छ । पालिकाले यस बर्ष पुँजिगततर्फ मठ मन्दिर निर्माण कार्यको लागि रु. ३१,११,५५०।- खर्च गरेको छ । पालिकाले यस्तो प्रकृतिको अनुत्पादक खर्चलाई नियन्त्रण गरी पुर्वाधार विकासमा खर्च गर्नुपर्दछ ।
<table>
<tr><td>कार्यक्रम। योजनाको नाम</td><td>खर्च रकम</td></tr>
<tr><td>कार्किवाड मन्दिर निर्माण</td><td>९५०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>खुईकेली मष्टा मन्दिर निर्माण</td><td>१०००००</td></tr>
<tr><td>खोदाई मन्दिर निर्माण</td><td>१५००००</td></tr>
<tr><td>खोदाई माडु निर्माण</td><td>१५००००</td></tr>
<tr><td>गोत्रेखाडा मन्दिर निर्माण</td><td>७६०००</td></tr>
<tr><td>नदासैन मन्दसर निर्माण</td><td>१४२५००</td></tr>
<tr><td>बर्क देवीमाई मन्दिर निर्माण</td><td>१२३०५०</td></tr>
<tr><td>मुक्तिकोट मन्दिर निर्माण</td><td>१२५०००</td></tr>
<tr><td>बिगारे मष्टा मन्दर निर्माण</td><td>१५००००</td></tr>
<tr><td>डाँडावाडा मन्दिर निर्माण</td><td>१००००००</td></tr>
<tr><td>रुपालीमाई मन्दिर निर्माण</td><td>१००००००</td></tr>
<tr><td>जम्मा</td><td>३१११५५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १४ जना (करार बाहेक) पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर सहित २६ पदहरु रिक्त रहेका छन्।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ६.२ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले स्वास्थ्यतर्फका कर्मचारी समेत जम्मा ६७ जना कर्मचारीहरु करारमा नियुक्ति गरी रु. २ करोड ९ लाख ४१ हजार खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको कानुन अधिकृत १ जना, प्रशासन सहायक २ जना समेत जम्मा १४ जना करारमा नियुक्ती गरी बर्षभरीमा रु. ५५,१२,९१०।-भुक्तानी गरेको अनियमित देखिएको रु. | ५,५१२,९१० |
| ६.३ | | | **कल्याणकारी कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कल्याण कोषमा कुनै पनि रकम ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी पनि कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| ७ | | | **अनुदान प्राप्ति, उपयोग र अनुगमन** | |
| ७.१ | | | **अनुदान फिर्ता** : संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकावाट प्राप्त विवरण अनुसार देहायबमोजिमको अनुदान खर्च नभई रु. ३,८६,९७,५०३।७४ बाँकी रहेकोमा उक्त रकम फिर्ता गरेको नदेखिएकोले सम्वन्धित संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.<br>**अनुदान प्रदान गर्ने निकाय** \| **अनुदानको प्रकार** \| **फिर्ता रकम** | ३८,६९७,५०३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3">संघीय सरकार</td><td>शसर्त</td><td>१३४२६०२६.९०</td></tr>
<tr><td>बिशेष</td><td>४२९०९६४.८६</td></tr>
<tr><td>समपुरक</td><td>१४५०००००</td></tr>
<tr><td rowspan="2">प्रदेश सरकार</td><td>बिशेष</td><td>९२२२३६.४८</td></tr>
<tr><td>समपूरक</td><td>५५५८२७५.५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३८६९७५०३.७४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>अनुदानको अनुगमनः सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गत बिगत बर्ष देखि स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा र अन्य संस्थालाई बीउपुँजी तथा बिभिन्न प्रकारका अनुदान दिने गरेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । पालिकाले अनुदान प्रदान सम्वन्धी कानुन वनाई अनुगमनलाई प्रभावकारी वनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कानुन निर्माण तथा कार्यान्वयन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा समितिमा परेका उजुरी र सोको फस्यौंटको विवरण माग गर्दा उक्त विवरण पर्स नभएकोले फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन पर्ने उजुरीको सम्वन्धमा एकिन भएन । पालिकाले न्यायिक समितिले सम्पादन गरेका कार्यको अभिलेखा राख्नुपर्दछ । | |
| ८.२ | | | **कानून र सञ्चालन स्थितिः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सो को अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३५ वटा ऐन, ७ वटा नियमावली, ५३ कार्यविधि र ११ वटा निर्देशिका लगायत १०६ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकालाई आवश्यक पर्ने कानून तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ । पालिकाले गाउँसभावाट कानुनहरु पारित गरेता पनि उक्त कानुनहरुको कार्यान्वयन प्रभाकारी रुपमा गरेको देखिएन । पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ। | |
| ८.३ | | | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारीको बाहेक अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **सार्वजनिक सम्पत्तीको संरंक्षण र प्रयोग** | |
| ९.१ | | | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ९.२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेख देख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा निम्नानुसार देखिएको छः<br>• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएनपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।<br>• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ । | |
| ९.३ | | | **जग्गा प्राप्तिः** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने अधिकार नेपाल सरकारलाई हुने तथा प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलव्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्ने व्यवस्था छ । ऐनको दफा २३ मा नेपाल सरकारको नाममा प्राप्त भएको जग्गा नेपाल सरकारको नाममा नामसारी गरी मालपोत लगत कट्टा गर्नु पर्ने हुन्छ । ऐनको दफा १३ अनुरुप गठित मुआब्जाको रकम निर्धारण समितिको सिफारिसमा जग्गाको मुआब्जा रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ढ) मा स्थानीय तहले सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्न सक्ने र मुआव्जा निर्धारणको लागि सहजिकरण गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष जग्गा प्राप्त गरेकोमा मालपोत कार्यालयको न्यूनतम मुल्याङ्कित दरमा मुआव्जा रकम निर्धारण गरी सोझै रकम सम्बन्धित जग्गाधनीलाई रु.२९,२१,१८४।- भुक्तानी गरेको देखियो । पालिकाले जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐनको अनुशरण गर्नुपर्दछ । | |
| १० | | | **आर्थिक सहायता र विविध खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.१ | | | **खाना, खाजा तथा विविध खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष बिबिध तथा खाना खाजामा रु. १४,१२,०००।- खर्च गरेको छ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १०.२ | | | **राहत तथा औषधि उपचार खर्च :** पालिकाको प्राकृतिक विपदवाट भएका जनधनको क्षति र दिर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलव्ध गराउन तयार गरेको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यबिधि २०७७ मा राहत तथा उपचार खर्च उपलव्ध गराउने सिमा तोकिएको छ । जसमा रु. २० हजार सम्मको हकमा अध्यक्षयले प्रमुख प्रशासकिय अधिकृतलाई सोझै आदेश दिन सक्ने र सो भन्दा बढीको रकम आर्थिक सहायता उपलव्ध गराउन परेमा कार्यपालकाको बैठकको निर्णय अनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष ६८ जनालाई आर्थिक सहायता वापत ८ लाख ९८ हजार भुक्तानी गरेकोमा कार्यबिधिमा तोकिए बमोजिम २० हजार भन्दा बढी रकम उपलव्ध गराउदा कार्यापालिकाको निर्णय नगराई आर्थिक सहायता उपलव्ध गराएको देखियो । पालिकाले कार्यबिधिमा उल्लेखित व्यवस्थाको पालना गरी राहत तथा उपचार खर्च भुक्तानी कार्यलाई व्यवस्थित वनाउनुपर्दछ। | |
| ११ | | | **प्रकोप व्यवस्थापन** | |
| ११.१ | | | **समिति गठन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको विपद व्यव्थापन समिति गठन गरेको भएतापनि बैठक बस्ने तथा अन्य कार्यहरु प्रभाबकारी रुपमा गरेको पाइएन । ऐनमा तोकिए बमोजिम कार्यहरु गरी गठन भएको समितिलाई सक्रिय बनाउनुपर्दछ। | |
| ११.२ | | | **कार्य योजना :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका उल्लेखित कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ११.३ | | | **वार्षिक प्रतिवेदन:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गरी बार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गर्नुपर्दछ । | |
| १२ | | | **उपभोक्ता समिति र ठेक्का अभिलेख** | |
| १२.१ | | | **उपभोक्ता समिति दर्ता:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी रु. ४,२३,९५,०००।- भुक्तानी गरी कार्य सम्पन्न गराएकोमा उल्लेखित समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाईएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात समिति बिघटन हुने हँदा निर्माण कार्य सम्पन्न भएका आयोजनाको सञ्चालन तथा मर्मत संभारमा ती समितिलाई जिम्मेवार वनाउन कठिनाई हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत का गर्ने गराउने गरी सुधार गर्नुपर्दछ । | |
| १२.२ | | | **गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र ठेक्काद्वारा गरिने निर्माण कार्य तथा मालसमान खरिदको लागत अनुमानमा समेत गुणस्तर परीक्षणको आईटम समावेश नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएको मालसमानको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य तथा खरिद भएका मालसमान गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएका मालसमानको गुणस्तर परीक्षण गरी निर्माण कार्य र खरिद भएको मालसमान गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.३ | | | **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र आह्वान गरी प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ। | |
| १२.४ | | | **मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिले निर्माण गरेको कार्यको मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्नेमा आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| १२.५ | | | **एजविल्ट नक्सा पेश नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन । ऐन नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको एजविल्ट नक्सा पेश गर्नुपर्दछ । | |
| १२.६ | | | **नापी किताबः** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताबमा ठेक्का नम्बर, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो विलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ विल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिँदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखिनु पर्दछ। | |
| १२.७ | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन। कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| १२.८ | | | **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य,हाल सम्म भएको कामको परिमाण, मुल्य,कार्य सम्पादन जमानत,पेश्की ग्यारेन्टीको अवस्था,काम सम्पन्न गर्नुपर्ने मिति,भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ । | |
| १२.९ | | | **डि.एल पि.अभिलेखः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| १३ | | | **पदाधिकारी सुविधा** | |
| १३.१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट यस बर्ष पदाधिकारीको सुबिधमा रु. ४६,७२,०००।- खर्च भएको छ । | |
| १३.२ | | | **बढी दरमा बैठक भत्ता भुक्तानी :** सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (संशोधन समेत) को अअनुसुची १(क) मा बैठक भत्ता प्रति बैठक रु. १००० तोकिएको छ । तर पालिकाले गाउसभामा उपस्थित गाउ सभा सदस्य तथा अन्य पदाधिकारीलाई प्रति बैठक रु. १५०० का दरले २ दिनको बैठक भत्ता उपलव्ध गराएको देखिन्छ । पालिकाले ऐनमा तोकेको भन्दा बढी दरमा भुक्तानी गरेको प्रति बैठक रु. ५०० का दरले ३३ जनालाई भुक्तानी भएको २ दिनको बढी भुक्तानी भएको भत्ता रकम रु. ३३,०००।- मा कर कट्टी गरेको रकम घटाई रु. २८,०५०।- सम्वन्धितवाट असुल गर्नुपर्ने रु. | २८,५०० |
| १३.३ | | | **बैठक भत्ता :** सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (संशोधन समेत) को दफा ३ अनुसार तोकिए बमोजिम मासिक सुविधा र महिनामा बढीमा २ वटा बैठक भत्ता उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले निर्वाचित नयाँ पदाधिकारीलाई जेठ र असार महिनाको बढीमा ४ बैठकको बैठक भत्ता भुक्तानी गर्नु पर्नेमा जेठ र असारको कार्यापालिकाको ५ वैठकको बैठक भत्ता भुक्तानी दिएको देखिन्छ । पालिकाले कार्यपालिका सदस्य र सदस्य सचिव समेत १४ जनालाई २ महिनामा ४ पटकको बैठक भत्ता भुक्तानी दिनुपर्नेमा ५ पटकको बैठक भत्ता भुक्तानी दिएकोले पदाधिकारी सुविधा सम्बन्धी कानूनले तोके भन्दा एक पटकको बैठक भत्ता बढी भुक्तानी गरेको रु. १४,०००।- मा कर रकम घटाई रु. ११,९००/- सम्वन्धितवाट असूल गर्नुपर्ने रु. | ११,९०० |
| १३.४ | | | **भ्रमण खर्च :** सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ को अनुसुची १(क) मा आफ्नो स्थानीय तह भन्दा बाहिर भ्रमण गरेको अवस्थामा मात्र पदाधकारी तथा सदस्यहरुलाई भ्रमण खर्च उपलव्ध गराउने उल्लेख छ । तर पालिकाले यस बर्ष पदाधिकारीहरु र सदस्यहरलाई आफ्नो स्थानीय तह भित्र बिभिन्न वडाको योजनाको अनुगमन र भ्रमण गरेवापत भ्रमण खर्च रु.२,७१,९५०।-उपलव्ध गराएको देखिन्छ । यसरी ऐनमा भएको व्यवस्था विपरित स्थानीय तह भित्रको भ्रमण खर्च भुक्तानी दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |
| १४ | | | **कर दस्तुर एवं आन्तरिक आय** | |
| १४.१ | | | **रसिद नियन्त्रण खाता:** यस पालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म ले प फा नं ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली आम्दानी खर्च र बाँकी ठेली देखिने गरी रसिद | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ। | |
| १४.२ | | | **राजस्व अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ। पालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैङ्क मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन।। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| १५ | | | **अभिलेख**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। आर्थिक वर्ष २०७८/७९ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ। | |
| १६ | | | **राजश्व असुली**<br><br>नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकार क्षेत्रका विषयहरुको व्यवस्था गरिएको छ। यस पालिकाले आन्तरिक आयको संकलन गर्न विभिन्न क्षेत्रगत शिर्षकमा प्रक्षेपण गरेतापनि विभिन्न पालिका र पालिका अन्तर्गतका वडाहरुले प्रस्तावित आय संकलन गर्न सकेका छैनन्। वडाहरुले उठाउने शिफारिस दस्तुर, मालपोत कर लगायतका अन्य स्रोतहरु पूर्ण रुपले उठाउने गरेको नपाइएकोले राजश्व असुलीलाई भरपर्दो एवं यथार्थपरक बनाउन राजश्व संकलनमा जोड दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **दहत्तर बहत्तर शुल्क**<br><br>सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७८ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ मा तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । यस पालिकाले यस वर्ष यस शिर्षमा कुनै पनि कर संकलन गरेको छैन । | |
| १८ | | | **एम्बुलेन्स तथा डोजरको आम्दानी**<br><br>यस पालिकाको स्वामित्वमा रहेको एम्बुलेनस र डोजरहरुको लग बुक राख्ने गरेको पाइएन ।डोजरको लगबुक राख्ने नगरकोले के कति समय पालिकाको कार्यमा प्रयोग गरियो तथा कति समय अन्य व्यक्ति एवं फर्ममा प्रयोग भएको हो भन्ने एकिन गर्न सकिएन।तसर्थ राजश्व संकलनलाई भरपर्दो एवं व्यवस्थित बनाउन पालिकाले एम्बुलेनस एवं डोजर संचालनको अद्यावधिक लगबुकको व्यवस्था अनिवार्य बनाउनुपर्दछ। | |
| १९ | | | **र्‍याफटिङ्ग सेवा**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(घ)(३) मा स्थानीय तहले ट्रैकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफटिङ्ग, मोटरबोट, केबलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा संचालन हुने नविन पर्यटकिय सेवा तथा साहसिक खेलको शुल्क लिन पाउने व्यवस्था छ।सार्वजनिक निजी साझेदारी नीति अनुसार यस पालिकामा पर्यटन प्रवर्द्धन गर्नका लागि रारा कैलाश टुर्स एण्ड कर्णाली ट्रेल प्रा.लि. र स्वामीकार्तिक खापर गाँउपालिकाको साझेदारीमा जलयात्रा (र्‍याफटिङ्ग) संचालन गर्न सम्झौता भएको थियो । सम्झौतामा प्रा.लि.को तर्फबाट वार्षिक प्रतिवेदन गाउँपालिकामा बुझाउने तथा साझा जिम्मेवारीको बुदा नं. ५ मा लाभांश वितरणमा गाउँपालिकाले ५१ प्रतिशत र प्रा.लि ले ४९ प्रतिशत प्राप्त गर्ने उल्लेख छ।तर प्रा.लि ले हालसम्म पनि वार्षिक प्रतिवेदन गाउँपालिकामा बुझाएको छैन तथा लाभांश वितरण समेत नभएकोले गाउँपालिकाले के कति लाभांश प्राप्त गर्नुपर्ने हो एकिन गर्न सकिएन। अतः पालिकाले र्‍याफटिङ्गवाट प्राप्त गर्नुपर्ने लाभांश एकिन गरी असुल गर्नुपर्दछ । | |
| २० | | | **सामाजिक सुरक्षा एवं संरक्षणतर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.१ | | | **एम.आई.एस.प्रणालीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदाँ र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ। | |
| २०.२ | | | **लाभग्राहीको विवरण प्रविष्टि गर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या बराबर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए/नभएको यकिन हुन सकेन । | |
| २१ | | | **पारदर्शिता र जवाफदेहिता**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुप र्नेको साथै सम्बन्धित | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । | |
| २२ | | | **सार्वजनिक सुनुवाई**<br><br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। अतः सार्वजनिक सुनवाई गरेर मात्र लाभग्राही सुची अनुसार भत्ता वितरण गरिनुपर्दछ । | |
| २३ | | | **अनुगमन**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | |
| २४ | | | **भत्ता वितरण**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ बढी निकासा<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको छन। पालिकाले लाभग्राही लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>लाभग्राहीको नाम</th><th>किसिम</th><th>विवरण</th><th>त्रैमासिक</th><th>भुक्तानी रकम</th></tr>
<tr><td colspan="5">वडा नं. ३</td></tr>
<tr><td>रंगमान सिंह (२००४१०२१०२१७५)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७८।८।२८</td><td>दोस्रो</td><td>१२०००</td></tr>
<tr><td colspan="5">वडा नं. १</td></tr>
<tr><td>पान्तु कामी (२०१८११०७००९२९)</td><td>ज्येष्ठ एकल महिला</td><td>मृत्यू मिति २०७९।१।२१</td><td>चौथो</td><td>७९८०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१९९८०</td></tr>
</table></td><td>१९,९८०</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>शिक्षातर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.१ | | | **शिक्षक अभिलेखः** गाउँपालिकाले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत र करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा र अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ। | |
| २६.२ | | | **विद्यालयगत निकासा रजिष्ट्रर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| २६.३ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका २५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री भैरव नाथ मा.वि. जेरा | ७ | ७ | १ | ३२५ |
| २ | श्री स्वामीकार्तिक मा.वि. वाई | १७ | १६ | ५ | ५२५ |
| ३ | श्री कालिका आ.वि. फैता | ३ | ३ | ० | १७९ |
| ४ | श्री हिमचुली आ.वि. मिगु | २ | २ | ० | १४१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see inner table) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | श्री कर्णाली आ.वि. छापु | २ | २ | १ | ६४ |
| ६ | श्री शम्भु सुनन्दा मा.वि. जुकोट | ९ | ९ | ० | ३८९ |
| ७ | श्री सूर्योदय आ.वि. जुकोट | २ | २ | ० | २६१ |
| ८ | श्री शम्भु सुनन्दा मा.वि. जुकु | ८ | ८ | २ | ३५७ |
| ९ | श्री भैरवनाथ आ.वि. जुकोट | ४ | ४ | ० | १०० |
| १० | श्री चाखुरेथला आ.वि. जोरु | २ | २ | ० | ९० |
| ११ | श्री राघुमाता मा.वि. साप्पाटा | ७ | ७ | ५ | ६२७ |
| १२ | श्री मण्डाली आ.वि. मुक्तिकोट | १ | १ | ० | १३५ |
| १३ | श्री काठेढुगां आ.वि. बाहुनी | १ | १ | १ | ८३ |
| १४ | श्री रुपाली आ.वि. माझपाटा | ३ | ३ | ० | १७७ |
| १५ | श्री कुलादेवी मा.वि. बर्कु | २ | २ | ० | २७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | श्री मण्डाली आ.वि. खोलिकोट | १ | १ | १ | ४३१ |
| १७ | श्री कालिका आ.वि. डिम्वरपानी | ० | ० | ० | १८८ |
| १८ | श्री गगांदेवी आ.वि. छुद्दरी | २ | २ | ० | ७४ |
| १९ | श्री रुपाली आ.वि. सुपाना | १ | १ | १ | १२५ |
| २० | श्री भगवती आ.वि. रुडी | ० | ० | ० | १०९ |
| २१ | श्री सत्य साई आ.वि. जोरु | ० | ० | ० | १३१ |
| २२ | श्री विन्द्रासैन आ.वि. फयालगाँउ | ० | ० | ० | ७४ |
| २३ | श्री पुगेली आ.वि. पुणेनी | ० | ० | ० | ७१ |
| २४ | श्री खापर मष्टेश्वरी आ.वि. खोलाह | ० | ० | ० | ६६ |
| २५ | श्री मनमोहन स्मृति आ.वि. जुकोट | ० | ० | ० | ४४ |
| **जम्मा** | | ७४ | ७३ | १७ | ५०४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.४</td><td></td><td></td><td>निशुल्क पाठ्यपुस्तक - पालिकाले निशुल्क पाठ्यपुस्तक थप अनुदान निकासा गर्दा २०७९ बैशाखवाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण एवं पाठ्यपुस्तक खरिद गरी वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम थप गर्न सकिने व्यवस्था निर्देशिकामा रहेको छ । पालिकाले देहायका विद्यालयहरुलाई नपुग भएको भनी पाठ्यपुस्तक खरिद एवं वितरणको प्रमाण बेगर थप पाठ्यपुस्तकको लागि रु. ७९,२६०।- अनुदान दिएको छ । प्रमाण वेगर थप पाठ्यपुस्तक वापत अनुदान दिएको रकमको खर्चको पुष्ट्याइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>राघुमाता मा वि</td><td>३६१४५</td></tr>
<tr><td>शम्भु सुनन्दा मा वि जुकोट</td><td>४३११५</td></tr>
</table></td><td>७९,२६०</td></tr>
<tr><td>२६.५</td><td></td><td></td><td>सामाजिक परिक्षण र वित्तिय लेखा परिक्षण - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम यस पालिका अन्तर्गतका ४ माध्यमिक विद्यालय र ७ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवाफदेहिताको सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । पालिकाले ऐन नियममा भएको व्यवस्था बमोजिमको कार्य गराउने तर्फ ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.६</td><td></td><td></td><td>सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम (२०९-२०७९।१।१६ र ३३६-२०७९९।३।२५) कोभिड-19 का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम संचालन गर्न देहायका विद्यालयहरुलाइ रु. ४३,०७,८६०।- निकासा अनुदान दिएको छ। पालिकाले निकासा दिएको उक्त अनुदान रकमवाट स्वास्थ्य सुरक्षाका मापदण्ड विकास गर्न खर्च गरी सो को विल भरपाइ र विवरण पेश गर्नुपर्ने तथा पालिकाले सम्पादित कार्यहरुको नियमित अनुगमण तथा सुपरीवेक्षण गरी कार्य प्रगती तयार गर्नु पर्नेमा सो भए गरेको नपाइएकोले निकासा भएको अनुदान रकम सम्वन्धित क्षेत्रमा उपयोग भएको छ भन्ने आधार देखिएन । अतः अनुदान दिएको रकम तोकिएको कार्यमा खर्च भएको विल भरपाई तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
</table></td><td>४,३०७,८६०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| १ | श्री भैरव नाथ मा वि जेरा | २५०००० |
| २ | श्री स्वामीकार्तिक मा वि वाई | २५०००० |
| ३ | श्री कालिका आ वि फैता | १८०००० |
| ४ | श्री हिमचुली आ वि मिगु | १८०००० |
| ५ | श्री कर्णाली आ वि छापु | १००००० |
| ६ | श्री शम्भु सुनन्दा मा वि जुकोट | २५०००० |
| ७ | श्री सूर्योदय आ वि जुकोट | १५०००० |
| ८ | श्री शम्भु सुनन्दा मा वि जुकु | ३५०००० |
| ९ | श्री भैरवनाथ आ वि जुकोट | १००००० |
| १० | श्री चाखुरेथला आ वि जोरु | १५०००० |
| ११ | श्री राघुमाता मा वि साप्पाटा | २५०००० |
| १२ | श्री मण्डाली आ वि मुक्तिकोट | २५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| १३ | श्री काठेढुगां आ वि बाहुनी | १५०००० |
| १४ | श्री रुपाली आ वि माझपाटा | १८०००० |
| १५ | श्री कुलादेवी मा वि बर्कु | २५०००० |
| १६ | श्री मण्डाली आ वि खोलिकोट | १८०००० |
| १७ | श्री कालिका आ वि डिम्वरपानी | १५०००० |
| १८ | श्री गगांदेवी आ वि छुड्दरी | १५०००० |
| १९ | श्री रुपाली आ वि सुपाना | १५०००० |
| २० | श्री भगवती आ वि रुडी | १२०००० |
| २१ | श्री सत्य साई आ वि जोरु | १५०००० |
| २२ | श्री विन्द्रासैन आ वि फयालगाँउ | ११७८६० |
| २३ | श्री पुगेली आ वि पुणेनी | १००००० |
| २४ | श्री खापर मष्टेश्वरी आ वि खोलाह | १००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२५</td><td>श्री मनमोहन स्मृति आ वि जुकोट</td><td>५००००</td></tr><tr><td colspan="2">जम्मा</td><td>४३०७८६०</td></tr></table></td><td></td></tr>
<tr><td>२६.७</td><td></td><td></td><td>स्यानिटरी प्याड : विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ। पालिकाले यस आर्थिक वर्षमा १८३५० प्याकेट सेनिटरी प्याड खरिद गरी रु.९९६२२०।- खर्च गरेको छ। पालिकाले खरिद गरेको सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरी विद्यालयहरुले सम्बन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको प्रमाण पेश हुनुपर्नेमा सो भएको पाइएन । तसर्थ खरिद भएको सेनिटरी प्याड प्रभावकारी रुपमा उपयोग भएको प्रमाण संलग्न राखी खर्च गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>स्वास्थ्यतर्फ</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>कर कट्टी रकम दाखिला नभएको: (३३८-०७९।३।२५र ३५८-०७९।३।३२) स्वास्थ्य शाखा प्रमुख भक्त वहादुर कैलाले विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमको भुक्तानी रकममा रु.१५,०००।- र क्षयरोग कार्यक्रमको रु. ८,०५५।- समेत रु. २३,०५५।- कर कट्टि गरी वितरण गरेकोमा उक्त कर रकम दाखिला गरेको प्रमाण पेश नभएकोले उक्त कर असूल गर्नुपर्ने रु.</td><td>२३,०५५</td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>बढी तलव भुक्तानी : कार्यालय सहयोगी मन वहादुर बिकलाई प्रति महिना रु. २१,४८०।- का दरले २०७९ जेठ र आषाढ महिनाको तलव रु. ४२,९६०।- भुक्तानी हुनु पर्नेमा रु. १,१०,३६०।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ६७,४००।- असुल गर्नुपर्ने रु.</td><td>६७,४००</td></tr>
<tr><td>२७.३</td><td></td><td></td><td>औषधि खरिद: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले उक्त प्रक्रियावेगर रु. ३१,५०,९७७।- को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन:</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्र पत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको ।
- आपुर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।
</td><td></td></tr>
<tr><td>२७.४</td><td></td><td></td><td>

**प्रशिक्षक भत्ता** : सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि तथा निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.४ ले सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार र कार्य सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा पालिकास्तरमा कक्षा सञ्चालन वापत रु. ७००।- र कार्यपत्र वापत रु. ८००।- तोकेको छ जसअनुसार सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको कर्मचारीले कक्षा लिए वापतको पारीश्रमिक नपाउने तर कार्यपत्रको रकम मात्र पाउने व्यवस्था गरेकोमा निम्नानुसारको तालिममा कार्यालयका कर्मचारीलाइ कक्षा लिएको रकम समेत भुक्तानी दिएको देखिंदा कार्यबिधि तथा निर्देशिका अनुसार नपाउने रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>कार्यक्रम</th><th>प्रशिक्षक</th><th>कक्षा सख्या</th><th>भुक्तानी हुनु पर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>कर कट्टी पछिको बढी भुक्तानी रकम</th></tr>
</table>
</td><td>५३,८९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २६८/२०७९/३/६ | स्वास्थ्य कर्मिहरुका लागि वृहत पोषण कार्यक्रम | पारस वहादुर शाही | १४ | ८०० | १४०० | ७१४० | |
| | | | | | भक्त वहादुर कैला | १४ | ८०० | १४०० | ७१४० | |
| | | | | | डिल्ली वहादुर वली | १४ | ८०० | १४०० | ७१४० | |
| | | | ३४०/२०७९/३/२५ | न्यूनतम सेवा मापदण्ड कार्यक्रम | पारस वहादुर शाही | ९ | ८०० | १४०० | ४५९० | |
| | | | | | भक्त वहादुर कैला | ९ | ८०० | १४०० | ४५९० | |
| | | | ३५०/२०७९/3/२५ | १०००दिनका आमाहरुलाइ | उमेश शाही | ८ | ८०० | १२00 | २७२० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>चेतना मूलक कार्यक्रम</td><td>नन्दलाल महतारा</td><td>८</td><td>८००</td><td>१२००</td><td>२७२०</td></tr>
<tr><td rowspan="2">२०१/२०८९/१/१३</td><td rowspan="2">मेडपा कार्यक्रम</td><td>खगिन्द्र कठायत</td><td>७</td><td>८००</td><td>१५००</td><td>४१६५</td></tr>
<tr><td>हरि वि क</td><td>७</td><td>८००</td><td>१५००</td><td>४१६५</td></tr>
<tr><td rowspan="2">२२०/२०७९/२/२६</td><td rowspan="2">मेडपा कार्यक्रम</td><td>भरत वहादुर रोकाया</td><td>८</td><td>८००</td><td>१५००</td><td>४७६०</td></tr>
<tr><td>नरेश रोकाय</td><td>८</td><td>८००</td><td>१५००</td><td>४७६०</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>५३८९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.५</td><td></td><td></td><td>राहत वितरण: कोभिड प्रभावित ४०३ जनालाइ १० हजारका दरले राहत वितरण गर्न रु. ४० लाख ३० हजार निकासा भएकोमा वडावाट सिफारीस गरेका ३६० जनालाइ रु. ३६ लाख राहत वितरण खर्च गरेको पाइयो। तर निर्देशिकामा एकाघर परीवारका कुनै सदस्यले सरकारी निजी वा अन्य कुनै संघ संस्था वा वैदेशिक रोजगारमा स्थायी अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गरीरहेका, परीवारको कुनै सदस्यले नेपाल सरकारवाट उपलव्ध हुने अन्य सामाजिक सुरक्षा वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थावाट निवृत्तीभरण वा विदेशी सरकारवाट पेन्सन सुविधा प्राप्त गरीरहेका,सञ्चित आय वा पैत्रिक सम्पत्तीवाट तत्कालको आवश्यकता पूरा गर्न सक्ने अवस्था रहेका र प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रदेश सरकार वा स्थानिय तहको कार्यक्रम वमोजिम यस प्रयोजनको लागी एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परीवार राहत प्राप्त गर्न अयोग्य हुने भनि उल्लेख भएकोमा सिफारीस र निर्णयमा माथि उल्लेखित कुराहरुको पूर्ण पालना भएको पाइएन। तसर्थ निर्देशिकामा उल्लेखित शर्तहरुको पूर्ण पालना गरी सिफारीस र निर्णयको आधारमा राहत भुक्तानी हुनु पर्दछ। | |
| २८ | | | **कृषि तथा पशु** | |
| २८.१ | | | **वढि भुक्तानी**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।ऊन मिसन कार्यक्रम अन्तर्गत ना.प्रा.स. खगिन्द्र कठायतले लिएको रु. १४,९४,०००।- को संलग्न पेश्की फछ्यौट विल र तेरिजवाट रु. १४,७५,९७७।- मात्रको पेश्की फछ्यौट भएकोले नपुग रु, १८,०२३।- असूल गर्नुपर्ने रु. | १८,०२३ |
| २८.२ | | | **बाखा पकेट कार्यक्रमः** पालिकाले मेडपा कार्यक्रमवाट ६३ गोटा वाखा रु. ९,०६,०००।- मा खरीद गरी वितरण गरेको छ। बाखा खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्नेमा सोझै खरिद गरेको छ भने खरिद भएका पशु उन्नत जातको हुनुपर्ने, अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराई वीमा गर्नुपर्ने र ट्यागिङ गरी पारदर्शी तवरवाट अभिलेख राख्नुपर्नेमा सो समेत भए गरेको देखिएन । तसर्थ तोकिए बमोजिम पशुहरुको स्वास्थ्य परीक्षण, वीमा तथा ट्यागिङ्ग समेत गरी कार्यक्रम संचालन गर्न पालिकाले ध्यान पुऱ्याउनु पर्दछ । | |
| २९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा वाटो निर्माण सिचाइ कूलो विद्यालय घेरावार तथा सडक मर्मत लगायतका १६ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ५३२ जनालाई ८५ देखि १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला बापत रु. ३०१६८४४५।- खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>गाउँपालिका चालुतर्फ</td><td></td></tr>
<tr><td>३०.१</td><td>२८७</td><td>२०७९-१-१६</td><td>बढी तलव भुक्तानी: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्यतर्फका करार कर्मचारीहरुको फागुन र चैत्र महिनाको तलव भुक्तानी गर्दा छुट तलव भनि २७ जनालाई रु. ५२,०००।- भुक्तानी गरेको छ । निज २७ जना कर्मचारीको फागुन भन्दा अघिको सबै रकम भुक्तानी भईसकेको अवस्थामा छुट भनि थप भुक्तनी दिएको रकम सम्वन्धित कर्मचारीवाट असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>स्थानीय भत्ता : नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४।१।२१ को निर्णय अनुसार दरवन्दी भित्रका करार कर्मचारीहरुलाई दिने सुबिधा सम्वन्धी मिति २०७४।१।२५ को पत्राचारमा करार कर्मचारीहरुको सेवा सुबिधामा स्थानीय भत्ता उल्लेख नभएकोले करार कर्मचारीहरुलाई महङ्गि भत्ता र स्थानीय भत्ता उपलव्ध गराउन नमिल्ने देखिन्छ । तर पालिकाले करारमा नियुक्ती भएका निम्नानुसार कर्मचारीलाई गाउँसभावाट निर्णय गरी स्थानीय भत्ता र महङ्गी भत्ता भुक्तानी दिएको देखिन्छ । यसरी पालिकाले करारका कर्मचारीलाई भुक्तानी दिएको स्थानीय भत्ता नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>भुक्तानी भएको महिना</th><th>दर</th><th>जम्मा भुक्तानी रकम</th></tr>
<tr><td>कानुन अधिकृत श्री सुबिस्त बहादुर शाही</td><td>१२</td><td>१३८१०</td><td>१६५७२०</td></tr>
<tr><td>कम्प्युटर अधिकृत राजन रेग्मी</td><td>१२</td><td>११८१०</td><td>१४१७२०</td></tr>
<tr><td>डोजर चालक श्री मनलाल लुहार</td><td>१२</td><td>४७३०</td><td>५६७६०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६४२००</td></tr>
</table></td><td>३६४,२००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | १८९ | २०७८-११-२ | **अग्रिम कर कट्टी नगरेको**<br><br>आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अधिकृत छैटौं जयलाल शाहीको पशु तर्फको पेश्की फस्यौंट गर्दा बिसान एग्रोभेट संग रु. ८,३४,५३५।- को औषधि खरिद गरेको विल पेश गरेकोमा उक्त भुक्तानी रकममा १.५ प्रतिशत अग्रिम कर रु. १२,५१८।- कट्टी गरेको नदेखिएकोले उक्त कर रकम असुल गर्नुपर्ने रु. | १२,५१८ |
| ३२ | ७६ | २०७८-८-५ | **मुल्य अभिबृद्धिकर समायोजनको प्रमाण**<br><br>पालिकाले गत बर्ष संजिव कन्स्ट्कसनलाई भुक्तानी दिदा कट्टी गरेको मुल्य अभिबृद्धी कर राजस्वा दाखिला गर्नुपर्नेमा आर्थिक बर्षको अन्तमा दाखिला गर्न नसकेको कारण उक्त कन्स्ट्रक्सन कम्पनीले मुल्य अभिबृद्धी वापतको कर रु. २,८२,९००।- स्वयंले राजस्व दाखाल गरी पालिका संग शोधभर्ना माग गरेको र पालिकाले दाखिला भौचरको आधारमा उक्त रकम भुक्तानी दिएको देखिन्छ । पालिकाले भुक्तानी रकमको १३ प्रतिशतले हुने कर रकमको ५० प्रतिशत रकम राजस्व दाखिला गरेको प्रमाणको आधारमा शतप्रतिशत कर रकम भुक्तानी लिएको देखिएकोले निज फर्मले भुक्तानी लिएको बाँकी कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | २८२,९०० |
| ३३ | | | **सम्वन्धित फर्मलाई भुक्तानी**<br><br>पालिकाले मालसमान खरिद र निर्माण कार्य लगायत अन्य कार्यको खर्च रकम भुक्तानी गर्दा सम्वन्धित व्यक्ति, फर्म, आपुर्तीकर्ता र निर्माण व्यवसायीको नाममा भुक्तानी गर्नु पर्नेमा पालिकाले ईन्धन खर्चको निम्नानुसारको रकम भुक्तानी गर्दा सम्वन्धित फर्मको नाममा भुक्तानी नगरी ईन्धन सप्लाई गर्ने ब्यक्तिलाई भुक्तानी गरेको देखियो । पालिकाले ईन्धन वापत रकम भुक्तानी गर्दा सप्लाई गर्ने व्यक्तिलाई नगरी सम्वन्धित फर्मको नाममा भुक्तानी गर्नुपर्दछ । | |

| गोश्वरा भौचर नं र मिति | फर्मको नाम | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८३-२०७८।८।१३</td><td>ईन्द्रसरा आयल स्टोर</td><td>पदम बहादुर रोकाया</td><td>८२८७७६</td></tr>
<tr><td>८३-२०७८।८।१३</td><td>ईभरग्रिन फ्युल सप्लायर्स</td><td>पदम बहादुर रोकाया</td><td>३१०२००</td></tr>
<tr><td>१४९-२०७८।१०।१९</td><td>बुढीगंगा आयल स्टोर</td><td>पदम बहादुर रोकाया</td><td>४९१९५६</td></tr>
<tr><td>२०१-२०७८।११।५</td><td>बुढीगंगा आयल स्टोर</td><td>पदम बहादुर रोकाया</td><td>४९१९५६</td></tr>
<tr><td>३०४-२०७९।२।६</td><td>बुढीगंगा आयल स्टोर</td><td>पदम बहादुर रोकाया</td><td>९१४९९४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३०३७८८२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>घरभाडा<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय जिल्ला विकास समिति र को. ले. नि. का. को सूचना पाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागी घरभाडा र जग्गा भाडा वापत बापत रु. ७,१७,५००।-</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी गरेकोमा नियमावलीमा भएको व्यवस्था बमोजिम घरभाडा निर्धारण समितिले घरभाडा रकम तय गरेको देखिएन । पालिकाले ऐन नियममा भएको व्यवस्थाको पुर्ण पालना गरेर मात्र खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>मालसामान खरिदको लागि कर्मचारीलाई पेश्की</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>पेश्की : आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ४९ मा बिक्रेतावाट सोझै मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसमान खरिद गर्न आफ्नो कार्यालयको कमर्चारीलाई पेश्की दिई पठाउनु पर्ने भएमा अधिकार प्राप्त अधिकारीले कारण उल्लेख गरी पेश्की दिन सक्ने उल्लेख छ । पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम खरिद गरिने मालसामानको लागत अनुमान तयार गरी उपयुक्त खरिद बिधिको छनौट गरी सोझै बिक्रेता संग खरिद गर्न सकिने निम्नानुसारको मालसामान खरिदको लागि लागत अनुमाननै तयार नगरी ठुलो रकम कर्मचारीलाई पेश्की दिने गरेको देखियो । यसरी मालसामान खरिदको लागि कर्मचारीलाई पेश्कि दिने कार्यालाई नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>गोश्वरा भौचर नं र मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की प्रयोजन</th><th>पेश्की रकम</th></tr>
<tr><td>४०१-२०७९।३।१४</td><td>निरेश कटेल</td><td>विपद तथा राहत सामाग्रि खरिद</td><td>९६०४००</td></tr>
<tr><td>१८९-२०७८।११।२</td><td>जयलाल शाही</td><td>पशु औषधि खरिद</td><td>९०००००</td></tr>
<tr><td>३२५-२०७९।२।२६</td><td>निरेश कटेल</td><td>कपास प्रशोधन मेसिन खरिद</td><td>३०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१६०४००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.२ | | | **खरिद सामान मौज्दात :** पालिकाका ना.प्रा.स. श्री निरेश कटेलले रु. ९,६०,४००।- पेश्की लिई आर्थिक बर्षको अन्तमा खरिद गरेका राहत सामाग्रि मध्ये निम्नुसारको मालसामान वितरण नभई लेखापरीक्षण अवधि २०७९ भाद्र सम्ममा बाँकी रहेको देखिएकोले उक्त मालसमान बितरण गरी आवाश्यकताको आधारमा मात्र थप सामाग्रिहरु खरिद गर्नुपर्दछ । | |

| सामानको विवरण | खरिद परिमाण | वितरण | बाकी | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| जग | १२० थान | १२ थान | १०८ थान | ८७.०७ | ९४०४ |
| बाल्टी | १२० थान | १४ थान | १०६ थान | ३६७.२५ | ३८९२९ |
| बाटा | १२० थान | ११ थान | १०९ थान | २०३.५३ | २२१८५ |
| त्रिपाल | ९० थान | २८ थान | ६२ थान | ३०२६.५४ | १८७६४५ |
| त्रिपाल | ३० थान | ० | ३० थान | २२३०.०८ | ६६९०२ |
| गिलास | २४० थान | ३२ थान | २०८ थान | २१६.८९ | ४५११३ |
| डेक्ची | १२० थान | १५ थान | १०५ थान | ८६२.२३ | ९०५३४ |
| कराई | १२० थान | १२ थान | १०८ थान | ७४३.२६ | ८०२७२ |
| स्टिल थाल | १२० थान | १५ थान | १०५ थान | २७६.९९ | २९०८४ |
| डाडु पन्यु | २४० थान | १६ थान | २२४ थान | १९८.१२ | ४४३७९ |
| कचौरा | २४० थान | ४० थान | २०० थान | १३२.७४ | २६५४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा — ६४०९५५<br>मुल्य अभिबृद्धी कर — ८३३२४<br>**कुल जम्मा** — **७२४२८०** | |
| ३६ | | | **पत्र पत्रिका र सुचना छपाई खर्च**<br><br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक निकायले खर्च गर्दा मितव्यीता अपनाउनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष बिभिन्न प्रकारका सुचना प्रकाशन गरेको र सुचना प्रकाशन तथा प्रसारण गरेको भनि बिभिन्न पत्र पत्रिका, रेडीयो र अन्य संस्थालाई बिनियोजन गरेको रु. १६,००,०००।– भुक्तानी दिएको छ । पालिकाले वोलपत्र मुल्याङ्कन सम्वन्धि सुचना प्रकाशन बाहेको अन्य बिभिन्न सुचना प्रकाशन र प्रसारण गरेको भनि बिभिन्न पत्र पत्रिका, रेडियो र अन्य संस्थालाई रकम भुक्तानी गर्दा सुचना प्रकाशन र प्रसारणको लागि सम्झौता गरेको देखिएन । पालिकाले सुचना प्रकाशन र प्रसारणको रकम भुक्तानी दिदा सम्वन्धित संस्थासंग सम्झौता गरी सम्झौता बमोजिम सुचना प्रकाशन तथा प्रसारण भएको एकिन गरेर मात्र भुक्तानी दिने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३७ | | | **मर्मत अभिलेख**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए सोको लिखित जानकारी सो निकायको प्रमुखलाइ दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि यसै नियमावलिको १३ (५) अनुसार लागत अनुमान तयार गर्न लगाइ खर्च लेख्नु पर्ने व्यवस्था छ ।कार्यालयले गाडि मर्मत गर्दा लागत अनुमान तयार नगरी र मर्मत अभिलेख समेत संलग्न नगरी यस बर्ष सवारीसाधन मर्मतमा रु. १०,११,०९७।- रकम भुक्तानी दिएको देखिन्छ। मर्मत खर्च लेख्दा लागत अनुमान तयार गर्ने र मर्मत अभिलेख समेत संलग्न गरी खर्च लेख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **ईन्धन खर्च**<br><br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक निकायले खर्च गर्दा मितव्यीता अपनाउनु पर्ने उल्लेख छ । त्यस्तै सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा पदाधिकारीलाई उपलव्ध गराउने ईन्धनको सिमा तोकेको छ । पालिकाले यस बर्ष ईन्धन खर्चमा रु. ५१,६३,८१८।- खर्च लेखेकोमा ईन्धन खपतको लगबुक राखेको देखिएन । पालिकाले कार्यालय प्रयोजनको लागि खरिद भएको ईन्धन मध्ये ठुलो रकम पालिका अन्तर्गतका योजनामा डोजर संचालन गर्दा उक्त डोजरमा खपत भएको उल्लेख गरेता पनि ईन्धन खर्चको लगबुकको अभिलेख नराखेको कारण डोजर संचालन र अन्य प्रयोजनमा भएको ईन्धन खपतको एकिन गर्न सकिएन । पालिकाले ईन्धन खर्चको अभिलेख राखी सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ । | |
| ३९ | | | **स्वयं सेवक शिक्षक करारमा नियुक्त**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकारमा गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैंन । त्यस्तै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ भने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा अनुमती प्राप्त गरि संचालनमा रहेका र कुनैपनि दरवन्दी तथा राहात अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापन गर्न अनुदान दिन सकिने व्यवस्था छ । उल्लेखित व्यवस्था विपरित पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका बिभिन्न बिद्यालयको लागि स्वयंसेवक शिक्षक करारमा नियुक्ती गरी यस वर्ष रु. ९४,९२,८३४।- खर्च गरेको छ । माथि उल्लेखित व्यवस्था विपरित पालिकाले आफ्नो आन्तरिक आयको स्रोत न्युन भएको अवस्थामा करारमा स्वयंसेवक शिक्षक नियुक्ती गरेको कानुन सम्मत देखिएन । | |
| ४० | | | **भ्रमण खर्च**<br><br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन पालिकाको कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित पालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको।<br>• पालिका भित्र भ्रमणमा गएको अवस्थामा समेत भ्रमण खर्च भुक्तानी गरेको ।<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४१ | | | **पुँजिगततर्फ**<br><br>**मूल्य अभिवृद्धि कर दाखिला नगरेको:** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहको कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले मूल्य अभिवृद्धि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले सो को मूल्य समायोजन प्रमाण पेश गर्ने अन्यथा ३० प्रतिशत असुल हुनुपर्ने रु. | ११८,९३५ |

| गो भौ/मिति | फर्म/विक्रेताको नाम | खरिदको प्रकार | विल रकम | मू.अ.कर | ३०% मू.अ.कर |
|---|---|---|---|---|---|
| ५।०७८।६।१५ | वि.एस. इलेक्ट्रोनिक्स | प्रिन्टर खरिद | २९००० | ३७७० | ११३१ |
| ७।०७८।६।१५ | किसन फर्निसिङ्ग हाउस | फर्निचर खरिद | ७०७९७ | ९२०४ | २७६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४३।०७८।९।५ | डायल अपमिडिया प्रा.लि. | सूचना प्रकाशन | १२६२२५ | १६४०९ | ४९२३ |
| ७९।०७८।१०।१९ | किसन फर्निसिङ्ग हाउस | फर्निचर खरिद | ९४७०० | १२३११ | ३६९३ |
| १०२।०७८।११।३ | जि.आर. आई. ई. प्रा.लि. | व्याकहो लोडर र जेनेरेटरको ल.ई. तयारी कार्य | १७६९९१ | २३००९ | ६९०३ |
| १५६।०७९।१।५ | दाजुभाई ट्रेडर्स | एच.डि.पि.ई. पाइप खरिद | ४४२०८४ | ५७४७१ | १७२४१ |
| १५७।०७९।१।५ | दाजुभाई ट्रेडर्स | एच.डि.पि.ई. पाइप खरिद | ४४०९०४ | ५७३१८ | १७१९५ |
| १६९।०७९।१।६ | इन्टेल कम्प्यूटर सेन्टर | मेशिनरी औजार खरिद | ३४९४६९ | ४५४३१ | १३६२९ |
| २२५।०७९।३।१२ | डाइमण्ड ई कन्सल्टेन्सी प्रा.लि. | सडकको IEE | ४४१३०० | ५७३६९ | १७२११ |
| ३८।०७९।११।०३ | भिलेज डेभलपमेन्ट एण्ड वडिङ्ग कन्सल्टेन्सी | खा.पा. आयोजनाको डि.पि.आर.तयारी कार्य | ४४०६१० | ५७२७९ | १७१८४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५।०७९।१।४</td><td>रेन ट्रेड एण्ड मार्केटिङ्ग प्रा.लि.</td><td>सूचना प्रकाशन</td><td>१०९०१२</td><td>१४१७२</td><td>४२५१</td></tr>
<tr><td>१७।०७८।९।५</td><td>पप लाइफ डिजिटल</td><td>स्वास्थ्य सूचना साथै आई एस यू सुदृढीकरण कार्य</td><td>१४७१२३</td><td>१९१२६</td><td>५७३८</td></tr>
<tr><td>६६।०७९।१।४</td><td>सन कम्प्यूटर ट्रेडिङ्ग</td><td>मेशिनरी औजार खरिद</td><td>१८१४१६</td><td>२३५८४</td><td>७०७५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>११८९३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>विल विजकको भुक्तानी</td><td></td></tr>
<tr><td>४२.१</td><td>92</td><td>२०७९-३-२५</td><td>मिति २०७९।३।२१ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने शम्भु सुनन्दा मा.वि. जुकोटको भवन निर्माण कार्य वापत दोस्रो रनिङ्ग विल सम्म रु.४३६९०३५ र तेस्रो तथा अन्तिम विलको रु.५००२२७३ समेत ए एस कन्सट्रक्सनलाई रु.९३७१३०८ भुक्तानी दिएको छ। निर्माण कार्य सम्बन्धी रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा १:६ को ढुङ्गाको पर्खाल लगाउने कार्यको दोस्रो विल सम्म ७७.३४ घ.मि. र तेस्रो तथा अन्तिम विलको ७.४० घ.मि. समेत जम्मा ८४.७४ घ.मि. को प्रति घ.मी. रु. ४,१६०।- ले भुक्तानी भएको छ। उक्त आइटमको नापी किताव परीक्षण गर्दा तेस्रो नापीमा ३०० एम.एम.को पर्खालको ग्रिड A-A, F-F को २.९० घ.मी., ग्रिड C-C, D-D को २.९० घ.मी., ग्रिड E-E को २.९० घ.मी., ग्रिड 1-1 को २.९० घ.मी. र ग्रिड 2-2, 3-3, 4-4 को २.९० घ.मी. र टेरेश रुफ वालको २.२५ घ.मी. समेत जम्मा १६.७७ घ.मी. को मेशनरी वालको कार्य मध्ये $D_1$ को २.१३, $D_2$ को २.१३, W को १.५२, $W_1$ को २.१३, $W_2$ को १.५२, $W_3$ को २.१३, $v_1$ को ०.६० समेत मेशनरी वाल नभएको खुला भागको जम्मा १२.१६घ.मी. घटाई तेस्रो नापीबाट ४.५९घ.मी. को मात्र कार्य भएको देखिएकोले सोही बमोजिम मात्र खर्च लेख्नु पर्नेमा नापी किताबमा मेशनरी पर्खाल नभएको झ्याल, ढोका र भेन्टिलेशनको घटाउनु</td><td>१३,२१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पर्ने खुला भागको गणना फरक पारी ७.४० घ.मी. को खर्च लेखेकोले नभएको २.८१ घ.मी. को प्रति घ.मी. रु. ४७०१ ले बढी भुक्तानी भएको रु. १३,२१०।- निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>४२.२</td><td>2</td><td>२०७८-१०-१६</td><td>जेरा सिंचाई कुलो निर्माण कार्यको पालिकाले मिति ०७८।१०।७ मा निर्माण कार्य सम्पन्न देखाई आर जे निर्माण सेवालाई रु. १११४८२६ भुक्तानी दिएको छ।भुक्तानी सँग सम्बन्धित रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा जेरा सिंचाई कुलो निर्माण कार्यको लागि तपशिल बमोजिम २०४३ के.जी. मात्र फलामे डण्डि प्रयोग भएकोमा पालिकाले २२२०.२९ के.जी. नापी गरी प्रति के.जी. रु. १३५.६० ले खर्च लेखेको पाइयो।अतः वास्तविक खपत भएको डण्डिको परिमाण भन्दा १७७.२९ के.जी. फलामे डण्डिको रु. २४०४१ बढी खर्च लेखेकोले निर्माण सेवाबाट असुल हुनुपर्ने रु. २४०४१</td><td>२४,०४१</td></tr>
<tr><td>४२.३</td><td></td><td></td><td>अधुरो निर्माण कार्यः पालिका कार्यालयबाट गत वर्ष ठेक्का कार्य भएका मध्ये संघीय बजेट तर्फका तपशिलका दुई ठेक्काको निर्माण कार्य सम्पन्न नभै अधुरै रहेका छन। अधुरो निर्माण कार्यको सम्झौता मिति, सम्पन्न गर्नुपर्ने अवधी र भौतिक प्रगतिको अवस्था यस प्रकार रहेका छन्।
<table>
<tr><th>सि.नं.</th><th>निर्माण कार्यको नाम</th><th>निर्माण सेवा</th><th>सम्झौता रकम</th><th>सम्झौता तथा सम्पन्न गर्ने अवधी</th><th>म्याद थपको अवस्था</th><th>भुक्तानी रकम</th><th>भौतिक प्रगती %</th></tr>
<tr><td>क</td><td>जेवाले खानेपानी तथा सरसफाई आयोजना</td><td>आर. जे. निर्माण सेवा एण्ड अर्डर सप्लायर्स</td><td>३०३०८४१</td><td>२०७८।८।१९ देखि २०७९।३।३०</td><td>म्याद थप नभएको</td><td>१३०५१४७</td><td>४३</td></tr>
<tr><td>ख</td><td>शम्भु सुनन्दा मा.वि. जुकोट</td><td>एन एस कन्सट्रक्सन</td><td>६१९०३७९</td><td>२०७८।८।२१ देखि २०७९।३।३०</td><td>म्याद थप नभएको</td><td>४७२९३३२</td><td>७६.४</td></tr>
</table>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधी भित्र पुरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मगदुर प्रयास गरे नगरेको, कावु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नेपर्ने कुरा पनि सोही नियमावलीमा उल्लेख छ भने निर्माण व्यवसायीकै लापरवाही र हेलच्यक्राईको कारण निर्माण कार्यमा विलम्ब भएको ठहर भए सोही नियमावलीको नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था पनि रहेको छ। उपरोक्त दुई निर्माण कार्यको स्रेस्ता तथा फाइल परीक्षण गर्दा दुवै निर्माण कार्यको निर्माण सम्पन्न गर्नुपर्ने अवधी २०७९।३।३० सम्म रहको, समयमा निर्माण सम्पन्न नभएकोमा निर्माण व्यवसायीले म्याद थपको निवेदन नदिएको, निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका अनुसार भौतिक प्रगति गर्न नसकेको कारण भौतिक प्रगति क्रमश ४३ र ७६.४० प्रतिशत मात्रै रहेको पाइयो। अतः सम्झौताको शर्त अनुसार भौतिक प्रगति नगरी वर्षान्त सम्म निर्माण कार्य अधुरै राखेको र म्याद थप समेत नगरेकोले निर्माण व्यवसायीकै लापरवाही र हेलचेत्र्याईको कारण निर्माण कार्य अधुरो राखेको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२८ तथा सम्झौताको शर्त अनुसार हुने गरी पालिकाले आवश्यक कारवाही गरी निर्माण सम्पन्न गराउनु पर्ने देखिन्छ। | |
| ४३ | | | **विल विजकको भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा यस प्रकार छन्। | |
| ४३.१ | 19 | २०७८-८-७ | कर्णाली नदी मेशनरी वाल निर्माण कार्यको रु. ५३८४०९ मूल्यांकन गरी पालिकाले उपभोक्ता समितिलाई रु. ४५०००० भुक्तानी दिएको छ। उक्त मेशिनरीवाल निर्माण कार्यको लागि पि.सि.सि. फर आर.सि.सि. को कार्य २.२३ घ.मि., फलामे डण्डिको कार्य २६२.७३ के.जी., कडा चट्टान काट्ने कार्य १५.६० घ.मि., नरम माटो खन्ने कार्य ४.१४ घ.मि., कडा माटो खन्ने कार्य ६.२० घ.मि. र मेशनरी वालको कार्य १४.७७ घ.मि. भएको रनिङ्ग विल तयारी गरी खर्च लेखेको निर्माण कार्य सम्बद्व नापी किताव परीक्षण गर्दा मेशनरी वाल तर्फ खर्च लेखेको १:६ को १४.७७ घ.मि. को कार्य भएको नदेखिएकोले नापी कार्य नभएको उक्त मेशनरी वालको प्रति घ.मि. रु. १३,७८८.९६ का दरले खर्च लेखेको रु. २,०३,६६३।- उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु. | २०३,६६३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>भेरीएशनबाट थप कार्यदेशः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा गर्नुपर्ने कार्यहरु व्यवस्था गरी १० (६) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गरी सकेपछि लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकको समूहलाई डिजाइन, ड्रइङ्ग समेत जाच्न लगाई कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी देखिएमा सच्याउन लगाउनु पर्ने छ । त्यस्तो निकायमा माथिल्लो तहको प्राविधिक नभएमा विभागीय प्रमुखले त्यस्तो लागत जाच्न व्यवस्था मिलाई दिनुपर्ने छ भन्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१)(ग) मा निर्माण कार्यको ड्रइङ्ग डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने अवस्था भई वा नभई सम्झौता मूल्यको १५ प्रतिशत सम्मको भेरिएशन आदेश प्राविधिक पुष्टयाई गरी विभागिय प्रमुखले गर्न सक्ने व्यवस्था छ। आर्थिक वर्ष २०७५।७६ मा लागत अनुमान तयार गरी वोलपत्रको माध्यबाट श्री शुनन्दा मस्टेश्वरी निर्माण सेवा जुकोट बाजुरासँग मिति २०७६।३।१५ मा खरिद प्रक्रिया प्रारम्भ भएको Procurement of Supply, Installation and Construction work of Ferry Boat कार्यको रु. २४८५९०५.५० (१४.८२ प्रतिशत) रकमको भेरिएशन आदेश जारी भै थप कार्यादिश भएको पाइयो।
<table>
<tr><th>सुरु लागत अनुमान</th><th>सुरु सम्झौता रकम</th><th>संशोधित लागत अनुमान</th><th>संशोधित ठेक्का अंक</th><th>जम्मा भुक्तानी रकम</th><th>भेरीएशन पश्चातको थप भुक्तानी</th></tr>
<tr><td>१६७७८२३४</td><td>१६७७८११२</td><td>२०४५६८६७</td><td>१९२५४०१८</td><td>१९२१३९७७</td><td>२४३५८६५</td></tr>
</table>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको ड्रइङ्ग/डिजाइन तथा लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरीएशन गर्न सक्ने व्यवस्था छ। सार्वजनिक खरिद ऐन तथा नियमावलीको उपरोक्त व्यवस्था अनुसार तयार गरेको लागत अनुमान जाँचबुझ गरी स्वीकृति पश्चात खरिद कार्य गराएकोमा भेरिएशन आदेश जारी गर्नुपर्ने अवस्था सृजना हुँदा सुरु सम्झौता अंकमा पालिकालाई रु. २४३५८६५ थप व्ययभार परेकोले यस फेरी निर्माण कार्यको शुरुको डिजाइन र लागत अनुमान भरपर्दो छ भन्ने अवस्था देखिएन । अतः निर्माण कार्यको लागत अनुमानमा त्रुटी गर्ने प्राविधिकलाई प्रत्यक्षत कानुनी दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.३ | | | **निर्माण कार्यमा विलम्बः** कवोल अंक रु.५६,३८,८४९।- भएको गाउँपलिकाको प्रशासकीय भवन निर्माण कार्यको लागि ३० महिनामा सम्पन्न गर्ने गरी २०७८।३।३ मा स्वामीकार्तिक गाउँपालिका र श्री वंग्लामूखी मेनका जे.भी. बीच खरिद सम्झौता भएको थियो। सम्झौता मितिले ३० महिना भित्र सम्पन्न गर्ने गरी खरिद सम्झौता गर्नुपूर्व निर्माण सेवाले पेश गरेको कार्यतालिकामा भवनको structure को काम प्रथम महिनामा सुरु गरी १९ महिनाभित्र सम्पन्न गर्ने, इट्टा र ढुङ्गाको गाह्रो लगाउने कार्य चौथो महिनामा सुरू गरी १६ महिना भित्र सम्पन्न गर्ने, कम्पाउण्ड वाल, सेफ्टी टैंक, सकपिट र अन्य संरचनाको कार्य १४ महिना देखि २२ महिना भित्र सम्पन्न गर्ने लगायतका अन्य सवै कार्य २८ महिनाभित्र सम्पन्न गरी एज विल्ड ड्रइङ्ग २९ महिना देखि ३० महिनामा जारी गर्ने उल्लेख छ। तर सम्झौता भै कार्य सूरू भएको मितिले करिव १४ महिना व्यत्तित हुँदा कार्यातालिकामा उल्लेख भएका कुनै पनि कार्य पुरा नभै भवन निर्माण कार्यको Sub Structure र केवल डि.पि.सी. को कार्यमात्र गरी जम्मा रु.४४,५०,२९५।- मात्र भुक्तानी भएको छ। सम्झौता अनुसारको समयमा निर्माण कार्य सम्पन्न गर्न र कार्य तालिकामा उल्लेख भएको कार्य समय भित्र पुरा गर्नु गराउन गा.पा. प्रशासनले निर्माण सेवालाई विशेष निर्देशन दिनुपर्ने देखिन्छ। | |
| ४४ | | | **प्रतिलिपी कर विजक**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा विक्री गर्दा प्रापकलाई कर विजक दिनुपर्ने उल्लेख छ। मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले तपशिल बमोजिमका फर्मबाट खरिद कार्य गरी मू.अ. कर भुक्तानी गर्दा प्रतिलिपी कर विजकबाट गरेको पाइएकोले सक्कल कर विजक पेश हुनुपर्ने अन्यथा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.७९९७८ | ७९,९७८ |

| गो.भौ.नं./मिति | फर्मको नाम | कारोवारको प्रकृति | विल रकम | मू.अ. कर |
|---|---|---|---|---|
| १०२।०७८।११।३ | जि.आर. आई. टी. ई. प्रा.लि. | ल.ई. तयारी कार्य | १७६९९१. | २३००९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९७।०७९।२।३०</td><td>इन्टेल कम्प्यूटर सेन्टर</td><td>मेशिनगरी औजार खरिद</td><td>४३८२२१.</td><td>५६९६९.</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७९९७८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>
सोझै खरिद<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. ५ लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। कार्यालयले यस वर्ष पटक पटक गरी निम्न मालसमान सिमा भन्दा बढी रकमको सोझै खरिद गरेको देखिन्छ । पालिकाले ऐन नियममा भएको व्यवस्था बिपरित पटक पटक गरी सिमा भन्दा बढीको सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>गो. भौ. नं./मिति</th><th>फर्मको नाम</th><th>खरिदको प्रकार</th><th>रकम</th></tr>
<tr><td>१५६।०७९।१।५</td><td>दाजुभाई ट्रेडर्स</td><td>५० एम.एम.को ६ के.जी. प्रेसरको एच.डि.पि.ई. पाइप खरिद</td><td>४९९५५५</td></tr>
<tr><td>१५७।०७९।१।५</td><td>दाजुभाई ट्रेडर्स</td><td>विभिन्न साइजको एचडिपिई पाइप खरिद</td><td>४९८२२२</td></tr>
</table>
</td><td>१,८८७,८६६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६९।०७९।१।१६</td><td>इन्टेल कम्प्यूटर सेन्टर</td><td>मेशिनरी सामान खरिद</td><td>३९४८९९</td></tr>
<tr><td>१९७।०७९।२।३०</td><td>इन्टेल कम्प्यूटर सेन्टर</td><td>मेशिनरी सामान खरिद</td><td>४९५१९०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१८८७८६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>
परामर्श सेवाको खरिद<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६ (क) बमोजिम मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ। प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा परामर्शदातासँग प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिद गर्दा बढीमा ३ वटा कोटेसन माग गरी निम्नानुसारको परामर्श सेवा खरिद गरेको छ ।
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>डि.पि. आर कार्य</th><th>ल.ई</th><th>परामर्शदाताको नाम</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२४।०७८।८।१३</td><td>कोटकटिया वेली बृजको डिजाइन कार्य</td><td>१९८९२९६</td><td>आदर्श ई. कन्सल्टेन्सी</td><td>१९७५२४०</td><td>१९७५२४०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १०२।०७८।११।०३ | व्याक हो लोडर र जेनेरेटरको ल.ई.तयारी कार्य | २००००० | जि.आर. आई. टि.ई. प्रा.लि. | २००००० | २००००० |
| १५८।०७९।१।५ | सुई जिउला कम्ती लामा वराङ सडकको आई.ई.ई. कार्य | ६७८००० | एच आई विल्डर्स एण्ड कन्सल्टेन्सी प्रा.लि. | ६७८००० | ६७८००० |
| १८७।०७९।२।१५ | पालिकाको भिडियो डकुमेन्ट्री तयारी कार्य | ५२२०७० | अनमोल क्रियटिभ मिडिया प्रा.लि. | ५२२०७० | ५२२०७० |
| २२४।०७९।३।१२ | रानी सैन मिगु सडकको आई. ई.ई. कार्य | ९९६०८९ | रोयल शामरा मल्टी पर्पोज कम्पनी | ९९५६६० | ९९५६६० |
| २२५।०७९।३।१२ | नरति जंग नरपति सडकको आई. ई.ई. कार्य | ४९८७७९ | डाईमण्ड ई कन्सल्टेन्सी | ४९८७७९ | ४९८७७९ |
| ३८।०७८।११।०३ | जेवाले खा.पा.तथा सरसफाई योजनाको डि.पि.आर. तयारी कार्य | ४९७८८९ | भिलेज डेभलपमेन्ट एण्ड वर्किङ्ग कन्सल्टेन्सी सेवा | ४९७८८९ | ४९७८८९ |
| ३९।०७८।११।०३ | शम्भु सुनन्दा मा.वि. जुकोट भवनको डि.पि.आर. तयारी कार्य | १४००००० | टेक्निकल ई. डिजाइन कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. | १३५५३९२ | १३५५३९२ |
| **जम्मा** | | | | | ६७२३०३० |

परामर्श सेवा खरिदका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नुसार छन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.१ | | | **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य कार्य गर्ने निकायले तयार गरेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिद वापत रु. ६७,२३,०३०।- भुक्तानी गरेकोमा परामर्श सेवाको नर्म्स स्वीकृत गरेको छैन भने लागत अनुमान तयार गर्दा गत बिगत बर्षको नर्म्स र अन्य निकायको सोही प्रकृतिको कामको नर्म्सलाई समेत आधार लिएको देखिएन । यसरी पालिकाको नर्म्स स्वीकृत नभएको अवस्थामा लागत अनुमान तयार गर्दा अन्य निकायले तयार गरेको नर्म्स प्रयोग गरेको खुल्ने स्पस्ट प्रमाण संलग्न नभएकोले पालिकाले तयार गरेको लागत अनुमान यथार्थ र मितव्ययी छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी खरिद कार्य मितव्ययी र प्रतिष्पर्धी वनाउनुपर्दछ | |
| ४६.२ | | | **पालिकाको जनशक्तिको उपयोग नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ । पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको माध्यमवाट परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्तिवाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्श सेवाको खरिद गरेको देखियो । पालिकाले कार्यालयको जनशक्तीवाट कार्य हुन नसक्ने अवस्थामा मात्र परामर्शदाता संग खरिद गर्नुपर्दछ । | |
| ४६.३ | | | **पेशागत दायित्वको बिमा नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८२(७) मा उल्लेख छ । पालिकाले परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी रु. ६७,२३,०३०।- रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन । पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ । | |
| ४७ | | | **जग्गा प्राप्ति**<br><br>जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने अधिकार नेपाल सरकारलाई हुने तथा प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलव्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्ने व्यवस्था छ । ऐनको दफा २३ मा नेपाल सरकारको नाममा प्राप्त भएको जग्गा नेपाल सरकारको नाममा नामसारी गरी मालपोत लगत कट्टा गर्नु पर्ने हुन्छ । ऐनको दफा १३ अनुरुप गठित मुआब्जाको रकम निर्धारण समितिको सिफारिसमा जग्गाको मुआब्जा रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ऐन २०७४ को दफा ११ (ढ) मा स्थानीय तहले सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्न सक्ने र मुआव्जा निर्धारणको लागि सहजिकरण गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष जग्गा प्राप्त गरेकोमा मालपोत कार्यालयको न्यूनतम मुल्याङ्कित दरमा मुआव्जा रकम निर्धारण गरी सोझै रकम सम्बन्धित जग्गाधनीलाई रु.२९,२१,१८४।- भुक्तानी गरेको देखियो । पालिकाले जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐनको अनुशरण गर्नुपर्दछ । | |
| ४८ | ९१ | २०७९-३-२९ | **सशर्त पँजिगततर्फ**<br><br>**कार्य सम्पन्न प्रतिवेदन** - शिक्षा तथा मानव स्रोत बिकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा बिद्यालयको लागि भौतिक निर्माणको अनुदान दिदा कार्य सम्पन्न गरेपश्चात नापी किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रकम भुक्तानी गर्ने उल्लेख छ । तर राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बिद्यालयको भौतिक पुर्वाधार निर्माण कार्यको लागि पालिकाले सुर्योदय आधारभुत बिद्यालयलाई सम्झौता बमोजिम भवन निर्माण कार्य सम्पन्न नभएको अवस्थामा शिक्षा तथा मानव स्रोत बिकास केन्द्रको मिति २०७९।३।१७ को पत्र अनुसार सम्वन्धित बिद्यालयलाई निकासा पठाएको देखिन्छ भने पालिकाले भवन निर्माण कार्यको लागि बिद्यालयलाई दिएको पेश्की रकम समेत निर्माण कार्यको नापी, विल र प्राविधिकको मुल्याङ्कन तथा सिफारिस वेगर नै पेश्की फस्यौंट गरेको देखिन्छ । २ कोठे भवन निर्माण कार्यको लागि सुर्योदय आधारभुत बिद्यालयलाई निकासा भएको रकम रु.१८,००,०००।- (पेश्की फस्यौंट रकम समेत) को निर्माण कार्य लेखापरीक्षण अवधि सम्म पनि सम्पन्न भएको प्रतिवेदन पेश नभएकोले पालिकाले अनुगमन गरी तोकिएको निर्माण कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १,८००,००० |
| ४९ | | | **पेश्की बाँकी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने र सोही नियमावलीको नियम ५२ मा फस्यौंट हुन बाँकी पेश्कीलाई लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नु पर्ने उल्लेख छ । पालिकाले दिएको निम्नानुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु. | ५८५,२०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि नं</th><th>पेश्की लिनेको विवरण</th><th>प्रयोजन</th><th>म्याद नाघेको पेश्की</th><th>म्याद ननाघेको पेश्की</th></tr>
<tr><td>१</td><td>दिनेश निर्माण सेवा (गत बर्षको अल्या)</td><td>मोविलाईजेसन पेश्की</td><td></td><td>२२०९०४०</td></tr>
<tr><td>२</td><td>श्री बंगलामुखी मेनका जेभी</td><td>मोविलाईजेसन पेश्की</td><td></td><td>३७३५०००</td></tr>
<tr><td>३</td><td>प्रशंशा निर्माण सेवा एण्ड अर्डर सप्लायर्स</td><td>अन्य</td><td>५२२००</td><td></td></tr>
<tr><td>४</td><td>प्रशंशा निर्माण सेवा एण्ड अर्डर पलायर्स</td><td>अन्य</td><td>१७६०००</td><td></td></tr>
<tr><td>५</td><td>पुर्व जंग शाही</td><td>बिबिध</td><td>१२०००</td><td></td></tr>
<tr><td>६</td><td>भक्त वहादुर केला</td><td>स्वास्थ्य</td><td>२४५०००</td><td></td></tr>
<tr><td>७</td><td>भक्त वहादुर केला</td><td>स्वास्थ्य</td><td>१०००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>५८५२००</td><td>५९४४०४०</td></tr><tr><td>कुल जम्मा पेश्की</td><td colspan="2">६५२९२४०</td></tr></table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>कोभिड १९ खर्च<br><br>पालिकाले कोभिड १९ महामारी नियन्त्रण तथा व्यवस्थापनको लागि छुटैं खाता खोली उक्त खातामा विभिन्न निकायबाट प्राप्त आम्दानी र पालिकावाट विनियोजित रकमको छुट्टै लेखा राखी सोबाट खर्च गर्नुपर्नेमा चालु खर्चबाट कोरोना सम्बन्धी खर्च लेखेको देखिएता पनि कोरोना १९ को लागि भएको खर्चको अभिलेख नराखेको र लेखापरीक्षणको क्रममा कोभिड १९ सम्वन्धि खर्चको आय व्ययको विवरण माग गर्दा प्राप्त नभएकोले उक्त खर्चको सम्वन्धमा थप बिश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
</table>